annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १७७, पृष्ठ १० | काठमाडौं, मंगलबार १८ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | TUESDAY, NOVEMBER 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गाँजा तस्करीको ट्रान्जिट धरान

**रत्नप्रसाद आचार्य** | *सुनसरी*
- को रिपोर्ट

सरकारले गाँजा खेती, ओसारपसार, सेवनमा प्रतिबन्ध लगाएको छ। तर, धरानमा दिन प्रतिदिन गाँजा तस्करी मौलाउँदो छ। धनकुटाका ग्रामीण क्षेत्रमा उत्पादन हुने गाँजा लिन तस्करहरू खुलेआम किसानकै घरघर पुग्छन्। धरान हुँदै भारततर्फ गाँजा निकासी भइरहेको छ। प्रहरी प्रशासनदेखि राजनीतिक नेतृत्वको संरक्षणमा भइरहेको गाँजा तस्करीले अपराधलाई पनि प्रोत्साहन गरिरहेको जानकारहरू बताउँछन्।




समाचार पृष्ठ २

## यलुङरी आरोहणमा ७ को मृत्यु, ४ बेपत्ता



**भवानी खड्का** | *दोलखा*

दोलखाको रोल्वालिङ क्षेत्रमा हिमपहिरो जाँदा सात जना पर्यटकको मृत्यु भएको छ। हिमपहिरोमा परी ४ जना पर्यटक बेपत्ता छन्। मृतकमा २ नेपाली ५ विदेशी छन्। ४ जना घाइते भएका छन्।

गत कात्तिक ११ गते दोलखाको गौरीशंकर गाउँपालिका-९ मा पर्ने रोल्वालिङ क्षेत्रमा रहेको ५ हजार ६ सय ३० मिटरको यलुङ रि हिमाल आरोहणको लागि १५ जनाको टोली गएका थिए। उनीहरू सोमबार बिहान ८ बजेतिर हिमपहिरोमा परेको दोलखाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले बताए। उनका अनुसार उनीहरूको पहिचान खुल्न नसकेका कारण १५ जनाको टोलीमा कसलाई के भयो भनेर भन्न सक्ने अवस्था छैन।

आरोहण टोलीमा दुई/तीनवटा समूह रहेको र एउटा समूहमा दुई जना विदेशीसहित चार जना रहेको स्थानीयले बताए। उनीहरू यलुङ रि आरोहण लगत्तै ६ हजार मिटर माथिको रोल्वालिङ क्षेत्रमै पर्ने डोल्मा खाङ हिमाल आरोहणको तयारीमा रहेको पनि जनाइएको छ। डोल्मा खाङहिमाल आरोहणको तयारीमा रहेको दुई जना ना गाउँमा बसेको स्थानीयले बताए।

पर्यटकहरू बेपत्ता भएको खबर ना गाउँका स्थानीलाई १० बजेतिर नै थाहा भएको र लगत्तै उद्धारको लागि हेलिकप्टर मगाइएको भए पनि कानुनी प्रक्रिया पूरा गर्दा ४/५ घण्टासम्म पनि हेलिकप्टर आउने अवस्था नभएको बेपत्ता आरोहीका साथीहरूले बताए।

उनीहरूको उद्धारका लागि स्थानीय प्रशासनले निषेधित क्षेत्रमा हेलिकप्टर उडानका लागि अनुमति दिएको छ। प्रतिकूल मौसमका कारण घटनास्थलमा हेलिकोप्टर पुग्न सकेको छैन। नेपाली सेना, सशस्त्रको टोली र प्रहरीका टोलीद्वारा उद्धारको प्रयास भइरहेको पनि प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले जानकारी दिए।

# राहदानी अभाव किन ?

**राधा खनाल** | *काठमाडौं*




राहदानी विभागले दैनिक १ हजार थान मात्रै राहदानी वितरण गर्न सकिने सूचना सोमबार प्रकाशित गर्‍यो। दैनिक हजारौंको संख्यामा राहदानी माग भइरहेका बेला विभागको उक्त सूचनाले सर्वसाधारण अन्योलमा परे। तर, विभागले राहदानी छपाइका लागि ठेक्का प्रक्रियामा भएको ढिलाइका कारण नयाँ राहदानी वितरणमा समस्या भएको जनाएको छ। सरकारले ढिला ठेक्का दिएका कारण र मौज्दातमा रहेका सकिँदै गएका कारण दैनिक एक हजार थान राहदानी मात्रै वितरण हुने विभागको भनाइ छ।

विभागले गत वर्षको मंसिरमै राहदानी छपाइका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। वैशाख अन्तिममा खोलिएको बोलपत्रपछि विभागले राहदानी छपाइका लागि जर्मन कम्पनीलाई छनोट गरेको थियो। विभागले यसअघि फ्रान्सको इडेमिया कम्पनीबाट राहदानी छाप्ने गर्थ्यो। तर, इडेमियासँगको सम्झौता सकिएको भन्दै नयाँ ठेक्का आह्वान गरेको थियो। उक्त कम्पनीले छनोटमा नपरेको भन्दै पुनरावलोकनका लागि निवेदन दिएको थियो।

कम्पनीको निवेदनका कारण पनि जर्मन कम्पनीलाई ठेक्का लगाउन असार पहिलो सातासम्मको समय लागेको विभागले जनाएको छ। विभागका अधिकारीका अनुसार नयाँ ठेक्का पाएको कम्पनीसँग ८ महिनामा राहदानी उपलब्ध गराउने सर्त थियो।

प्रधानमन्त्री सुशीला कार्कीले गत साता (कात्तिक १३ गते) जर्मन राजदूत उडो भोल्जसामु पार्सपोर्ट आपूर्तिमा सहयोग गर्न आग्रह गरेकी थिइन्। राहदानी विभागले ६४ लाख थान पासपोर्ट छपाइको जिम्मा दुई जर्मन कम्पनीलाई दिएको थियो। जसअन्तर्गत नेपाल सरकारले पहिलो प्याकेजमा १ अर्ब ५५ करोड रुपैयाँ र दोस्रो प्याकेजमा ६ अर्ब ११ करोड ३८ लाख रुपैयाँमा ठेक्कामा दिएको थियो। ठेक्का सम्झौताअनुसार जर्मन कम्पनीले ९ मार्चदेखि मात्र पासपोर्ट उपलब्ध गराउने भनिएको हो।

उक्त भेटमा राजदूत उडोले जर्मन कम्पनीलाई राहदानी छिटो उपलब्ध गराउन पहल गर्ने आश्वासन दिएका थिए। राहदानी विभागले आइतबार सूचना जारी गर्दै दैनिक 'सार्वजनिक बिदाको दिन बाहेक' राहदानी उपलब्ध गराउने जनाएको छ। विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग गत साउनमा खरिद सम्झौता गरिसकेको र उक्त सम्झौताअनुसार आगामी फागुन ११ गतेदेखि राहदानी सेवा पुन: सहज रूपमा सुरु हुने गरी नयाँ पूर्वाधार तथा प्रणाली निर्माण भइरहेको भन्दै विज्ञप्ति पनि जारी गरेको छ। नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने सङ्क्रमणकालीन अवस्था 'ह्यान्डओभर र टेकओभर' तथा राहदानी पुस्तिकाको सीमित संख्या र सेवाग्राहीको उच्च मागलगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको विभागले जनाएको छ।

उक्त अवधिसम्म राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक पहल भइरहेको र अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीले मात्रै राहदानीका लागि आवेदन गर्न विभागले सबैलाई आग्रह गरेको छ। सूचनामा भनिएको छ, 'नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीचको अवस्थामा उत्पन्न हुने संक्रमणकालीन अवस्था तथा राहदानी पुस्तिकाको सीमित संख्या र सेवाग्राहीको उच्च माग लगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको छ।

» बाँकी पृष्ठ ५

## अफगानिस्तानमा भूकम्प, कम्तीमा २० को मृत्यु

**काबुल** (एजेन्सी) : उत्तरी अफगानिस्तानमा शक्तिशाली भूकम्प जाँदा कम्तीमा २० जनाको मृत्यु भएको छ। उद्धार कार्य जारी रहँदा मृतकको संख्या बढ्ने अनुमान गरिएको स्थानीय अधिकारीहरूले जनाएका छन्। भूकम्पमा परी सयौं घाइते भएका छन्।

सोमबार देशको सबैभन्दा ठूला सहरहरूमध्येको एक मजार-ए-शरीफ नजिकै भूकम्प गएको थियो। अमेरिकी भूगर्भ सर्वेक्षणका अनुसार यसको परिमाण ६.३ र गहिराइ २८ किलोमिटर (१७ माइल) थियो।

तालिबान सरकारको स्वास्थ्य मन्त्रालयका अनुसार भूकम्पमा परी ५ सय ३० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन्। बाल्ख प्रान्तका तालिबान प्रवक्ता हाजी जैदले ह्माले मजार-ए-शरीफको दक्षिणमा रहेको शोलगरा जिल्लामा धेरै मानिस घाइते भएका जनाएका छन्। उनले भने, 'प्रान्तका सबै जिल्लाहरूबाट सामान्य चोटपटक र क्षतिको प्रारम्भिक रिपोर्ट प्राप्त भइरहेको छ।' धेरै जसो घाइतेहरू अग्ला भवनहरूबाट खसेका पनि उनले जानकारी दिए।

अफगानिस्तानमा बिजुलीको प्रमुख आपूर्तिकर्ता उज्बेकिस्तान र ताजिकिस्तानबाट आउने बिजुलीका लाइनहरू क्षतिग्रस्त भएपछि राजधानी काबुललगायत देशभरि बिजुली आपूर्ति बन्द भएको छ।

# लुटिएका ५ सय ५८ हतियार कहाँ छन् ?

### चुनावको मुख्य थ्रेट लुटिएका हतियार र फरार कैदीबन्दी

**अजवी पौड्याल** | *काठमाडौं*



प्रहरीका अनुसार जेन-जी आन्दोलनका क्रममा मुलुकभर १ हजार २ सय ८१ थान हतियार लुटिए। राजधानी काठमाडौंबाट मात्रै १ हजार १७ थान हतियार आन्दोलनका नाममा लुटिएका थिए। जसमा सटगन १ सय १७ थान, पेस्तोल ३ सय ४६ थान र रिभल्बर ७५ थान छन्।

प्रहरीका अनुसार ७ सय २३ वटा हतियार भने फिर्ता भइसकेका छन्। करिब १ सय थान जलेको र काम नलाग्ने अवस्थामा भेटिएका छन्। तर, ५ सय ५८ थान हतियार अझै बाहिर छन्। आपराधिक समूहको हातमा ती हतियार पुगेको हुन सक्ने भन्दै सर्वसाधारणमा त्रास छ। फागुन २१ को निर्वाचनका लागि लुटिएका हतियार 'थ्रेट' का रूपमा लिइएका छन्। किनभने, आन्दोलनपछिका विभिन्न अपराधमा प्रहरीका लुटिएका हतियार प्रयोग भएको पाइएको छ। प्रहरीका अनुसार हतियारसँगै १ हजार ६ सय ८७ थान गोलीसमेत लुटिएका थिए। उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट सबैभन्दा बढी हतियार लुटिएको प्रहरी तथ्यांक छ। लुटिएको हतियारमा मुख्य गरी पेस्तोल र राइफल छन्।

लुटिएका हतियारसहित आपराधिक समूहका व्यक्ति पक्राउ पर्ने क्रम जारी रहेको प्रहरीको भनाइ छ। कात्तिक १३ गते गौशाला चोकस्थित सोलुखुम्बु खाजा घरको बाहिर रहेको प्लास्टिकको कुर्सीमा रहेको कालो झोलामा ९ सय ७२ नम्बरको ग्यास गन फेला परेको छ। उक्त ग्यास गत भदौ २३ र ३४ गतेको जेन्जी आन्दोलनका क्रममा नेपाल प्रहरीबाट लुटिएको हतियार हो। सीआईबीका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार, अनुसन्धानका क्रममा उक्त झोला काभ्रेका वाङ्सु लामाको रहेको खुलेको छ। ज्यान मार्ने उद्योग कसुरमा लामा केन्द्रीय कारागार सुन्धारामा रहेका थिए। राजा तामाङ नामले चिनिने लामाको कोठाबाट प्रहरीले ३ राउन्ड गोली फेला पारेको छ। जेन-जी प्रदर्शनपछि भएको तोडफोडपछि कारागारबाट भागेका आकाश मगरले ठमेलमा गएर आफ्नै साथीको हत्या गरेका थिए। गत असोज १३ गते मकवानपुर घर भएका २५ वर्षीय सुरज तामाङलाई ठमेलमा खुकुरी प्रहार भएको थियो। प्रहरीका अनुसार खुकुरी प्रहार गर्ने आकाश नक्खु कारागारबाट भागेका थिए। लुटपाट र डकैती मुद्दामा कारागार गएका उनी सुरजलाई खुकुरी प्रहार गरी भागेका थिए। उनी भारतमा पुगेको प्रहरी आशंका छ।

प्रहरीका विभिन्न कार्यालयबाट लुटिएका हतियारसहित शनिबार झापाबाट ८ जना पक्राउ परे। प्रहरीले दमक नगरपालिका-३ स्थित भुटानी शरणार्थी शिविर सेक्टर एको छाप्रोबाट पक्राउ परेका आदित्य लिम्बूको साथबाट हतियार बरामद गरेको हो। उक्त हतियार इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको थियो।

काठमाडौंबाट लुटेको प्रहरीको पेस्तोलसहित असोज २१ गते कैलालीबाट १ जना लागुऔषधसहित पक्राउ परेका छन्। घोडाघोडी नगरपालिका-१ का २३ वर्षीय आकाश शाहीलाई प्रहरीको टाइप-५४ लेखिएको चाइनिज पेस्तोलसहित पक्राउ गरेको थियो। उनी लागुऔषध प्रयोग गरेर नशामा लठ्ठिएको अवस्थामा फेला परेका थिए।

यी त भए केही उदाहरण मात्रै हुन्। जेन-जी आन्दोलनका क्रममा प्रहरी कार्यालयबाट लुटिएका हतियारको आडमा विभिन्न अपराधका घटना घटिरहेका छन्। प्रहरीबाट लुटिएका हतियार विभिन्न आपराधिक समूहको हातमा पुगेको देखिन्छ। आन्दोलनका क्रममा घुसपैठ भएको भन्ने हल्ला चलिरहँदा प्रहरीले विभिन्न व्यक्तिहरूलाई पक्राउ पनि गरिरहेको छ।

**नियन्त्रणको पहल**

प्रहरी प्रवक्ता विनोद घिमिरेका अनुसार लुटिएकामध्ये ७ सय २३ वटा हतियार फिर्ता भएका छन्। फरार कैदीबन्दी पक्राउ गर्न र हतियार फिर्ता गराउनका लागि प्रहरीले विशेष योजना लागू गरेर काम गरिरहेको छ। हतियार खोजबिनका लागि छुट्टै संयन्त्र बनाएर काम गरिरहेको छ।

प्रहरीका अनुसार लुटिएका हतियार प्राय: काठमाडौंमा नै लुकाइएको हुनसक्ने अनुमान छ। विभिन्न आपराधिक समूहका व्यक्तिको साथमा पुगेका हतियार मधेस प्रदेशका केही स्थान र अन्य प्रदेशहरूमा पुगेको प्रहरीले सूचना पाएको छ।

» बाँकी पृष्ठ ५